# वीरगंज महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# वातावरण तथा विपद् व्यवस्थापन महाशाखा

## वायु प्रदुषण सम्बन्धी वीरगंज महानगरपालिकाको अपिल।

मितिः२०८२ मङ्सिर १२

जाडो मौसमको सुरुवातसँगै वायु प्रदुषण पनि क्रमिक रुपमा वृद्धि हुने गर्दछ। वायु प्रदुषणबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्दछ। विशेषगरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटु रोगी, दीर्घरोगी साथै गर्भावस्थाका महिला यसबाट बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउनुको साथै खुल्ला आकासमा फोहर नबाल्न, (ताप्ने नगर्न), कृषि अवशेष नजलाउन (नबाल्न), प्लाष्टिकजन्य फोहर नजलाउन, पेट्रोलियमजन्य पदार्थ, कोइला लगायतका उर्जा श्रोतको मितव्ययी प्रयोग गर्न, निर्माण कार्य गर्दा, गराउँदा धुलो नियन्त्रणका यथासम्भव सबै उपाय अपनाउन, प्रदुषण उत्सर्जनका अन्य स्रोतको विवेकपूर्ण उपयोग गर्न र वायु प्रदुषण रोकथाममा आम समुदाय सचेत भई नियन्त्रणको लागि सरोकारवाला निकायसँग हातेमालो गर्दै न्यूनिकरणमा सहयोग गर्न महानगरपालिका सबैमा हार्दिक अपिल गर्दछ।

वातावरण तथा विपद् व्यवस्थापन महाशाखा
वीरगंज महानगरपालिका